जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ६० • २०८३ साल साउन ३ गते आइतबार (19 July, Sunday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-

## सभापति लामिछाने सरकारको गतिविधिबाट सशंकित

टुडे समाचारदाता



गौर । सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने सरकारकोगतिविधिबाट सशंकित बनेका छन् । सरकारको निर्णयले ठूलो 'ड्यामेज' गरेको खण्डमा त्यसलाई रातारात परिवर्तन गर्नुपर्ने बताएका छन्।

सभापति लामिछानेले निर्णयहरूमा कहिलेकाँही समस्या आउन सक्ने र त्यो परिवर्तनशील हुने बताएका हुन् । विभिन्न राजनीतिक दलमा आबद्ध नेताहरुलाई पार्टीमा भित्र्याउँदै उनले भने, सरकारको निर्णय जनहित विपरीत भए तत्काल पार्टीले हस्तक्षेप गरी अभिभावकत्वको भूमिका निर्वाह गर्नेछ ।

'भोलि व्यवहारिक रूपमा जसका लागि लाभ होस् भनेर सरकारले निर्णयहरू गरेको छ ' उनले भने, त्यो निर्णयले लाभ होइन हानि भएछ भने त्यस्ता निर्णय परिवर्तन हुन्छ । त्यसमा चिन्ता गर्नुपर्दैन,' 'यसले धेरै ठूलो ड्यामेज गर्‍यो भने त्यसलाई रातारात परिवर्तन पनि गर्नुपर्छ 'उनले भने, त्यसमा पार्टी पछि पर्दैन् ।

हजारौं निर्णय गर्दा दुई चारवटाले विवादमा ल्याउन सक्ने उनले बताए। 'असल त असल सोचेको हो । तर गर्दै जाँदा, व्यवहारमा जाँदा, फिल्डमा जाँदा किसानको पक्षमा निर्णय गर्छु भन्दै जाँदा खेरि त्यही निर्णयको परिणाम किसानको विपक्षमा भइदिन पनि सक्छ पनि उनले भने

सुरूवातमा विवाद हुने कयौं निर्णय कालान्तरमा सही प्रमाणित हुने पनि उनले बताए ।'कहिलेकाहीँ नेतृत्वले एउटा उद्धेश्यका साथ, भिजन देखेर त्यसलाई राखेको हुन्छ ' लामिछानेले भने, त्यसलाई कार्यान्वयन गर्ने केही चुनौतीहरूले गर्दा त्यो खराब हो कि खत्तम हो कि हुँदैन कि भने जस्ता भाष्यहरू आउँछन् । सुरूवातमा कैयौं विवादमा आएका धेरै चिजहरू कालान्तरमा सही प्रमाणित हुन्छन्,' उनले भने।

अहिलेको सरकारको नियतमा कुनै पनि शंका नरहेको पनि सभापति लामिछानेले बताए। ' निर्णयहरूमा कहिलेकाहीँ समस्या आउन सक्छ ' उनले भने, त्यसलाई करेक्सन गर्न सकिन्छ। नियत खराब भए कहाँ करेक्सन गर्ने ?प्रश्न गर्दै उनले नियत करेक्सन गर्न गाह्रो हुने बताए ।

### जनकपुरधाममा कार्गोको प्रतीक्षामा व्यवसायी

## दुई वर्षपछि शुरु भयो कोलकाता-विराटनगर कार्गो रेलसेवा

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाममा गुडिरहेको महोत्तरीको बिजलपुरा-जनकपुरधाम-जयनगर रेल्वेमा कार्गो नहुँदा घाटामा छ। यहाँका व्यवसायी तथा नेपाल रेलले पनि कयौं पटक कार्गोको माग गर्दै आएका छन् । तर कार्गो व्यवस्थापन नहुँदा नेपाल रेल घाटामा नै छ ।

तर यसैबीच उद्घाटन भएको दुई वर्षपछि रेल मार्गमार्फत भारतसहित तेश्रो मुलुकबाट आयात हुने ब्लक कार्गो बिराटनगरस्थित एकीकृत जाँचविन्दु( आईसीपी) सम्म शुरु भएको छ ।

उद्घाटनको क्रममा फलाम उद्योगको कच्चा पदार्थ बोकेको कार्गो रेल विराटनगरको आइसिपीमा आएको थियो । त्यसपछि यो रेलमार्ग सुनसरी मोरङ औधोगिक क्षेत्रका उद्योगी व्यवसायिका लागि बेकामे बनेको थियो ।

उद्घाटनको क्रममा तत्कालीन वाणिज्य मन्त्री रमेश रिजालले भारतका समकक्षी पीयूष गोयलसितको सहमतिमा नयाँ पारवहन सन्धि गरेका थिए। सो सन्धीमा तेस्रो मुलुकबाट विराटनगर आइसीपीको रेल वे यार्ड (नेपाल कस्टम यार्ड अर्थात् एनसीवाई) सम्म तेस्रो मुलुकबाट सिमेन्ट, क्लिंकर, रासायनिक मल र कोइला गरी चार वस्तु मात्र ल्याउन सकिने उल्लेख गरिदा यो रेलमार्ग प्रयोगविहिन बनेको थियो ।

सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारका तत्कालीन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री अनिलकुमार सिन्हा गत कार्तिकमा भारत भ्रमणमा गएका बेला पारवहन सन्धीको प्रोटोकलमा संशोधन गर्ने गरी लेटर अफ एक्स्चेन्ज (एलओई) भएपछि मन्त्रालयले विज्ञप्ति प्रकाशित गर्दै विराटनगरको आइसिपीसम्म तेस्रो मुलुकबाट सबै प्रकारका रेलकार्गो ढुवानी गर्न सकिने जनाएको थियो । सोही अनुसार शुक्रवारदेखि भारतको



कोलकाता बन्दरगाहबाट विराटनगरसम्म पहिलोपटक औपचारिक रूपमा कार्गो रेल सेवा सञ्चालनमा आएको छ ।

नेपाल-भारत पारवहन सम्झौता अन्तर्गत तेस्रो मुलुकबाट आयात हुने मालसामान अब भारतीय रेलमार्फत सिधै विराटनगर भन्सारसम्म ल्याउन सकिने व्यवस्था कार्यान्वयनमा आएसँगै कार्गो रेल सेवा शुरु भएको जनाइएको छ ।

कोलकाता बन्दरगाहबाट पहिलो रेल ऱ्याकमार्फत स्वस्तिक आयल इन्डस्ट्रिजको कच्चा पदार्थ बोकेको कार्गो रेल विराटनगरको आइसिपी आउन लागेको छ ।

कोलकातास्थित नेपाली महावाणिज्यदूत झक्कप्रसाद आचार्य, कोलकाता भन्सार, कोलकाता पोर्ट तथा भारतीय कन्टेनर निगम लिमिटेड (कोनकोर) का अधिकारीहरूले संयुक्त रूपमा हरियो झण्डा देखाएर कार्गो रेल ढुवानीको सुरुवात गरेका थिए ।

रेलमा तेस्रो मुलुकबाट आयात गरिएको कच्चा पदार्थ बोकेका ४० वटा ४० फिट क्षमताका कन्टेनर रहेको बताइन्छ । सबै कन्टेनरमा इलेक्ट्रोनिक कार्गो ट्र्याकिङ सिस्टम (ईसीटीएस) जडान गरिएको छ, जसले ढुवानीको सुरक्षा र पारदर्शीता सुनिश्चित गर्नेछ ।

कार्गो रेल सेवा सुचारु भएको जनाउदै विराटनगर भन्सार कार्यालयले कोलकोताबाट विराटनगर आइसिपीका लागि औधोगिक कच्चा पदार्थ बोकेर हिँडेको कार्गो रेल आइतवारसम्ममा विराटनगर आइपुग्ने बताइएको छ ।

२०८० जेठ तेस्रोसाता तत्कालीन प्रधानमन्त्री प्रचण्ड र भारतीय समकक्षी मोदीले भारतको बथनाहाबाट विराटनगर कस्टम यार्डसम्मको कार्गो रेल सेवाको उद्घाटन गरेको दिन एउटा कार्गो रेल आएको थियो ।

सो सेवा नेपाल-भारत पारवहन सम्झौता अन्तर्गत भारत सरकारले गरेको नीतिगत संशोधनको कार्यान्वयन हो। भारत सरकारको केन्द्रीय अप्रत्यक्ष कर तथा भन्सार बोर्ड (सीबीआईसी)ले ४ नोभेम्बर २०२५ मा ईसीटीएस नियमावली संशोधन गर्दै कोलकाता, हल्दिया र विशाखापट्नम बन्दरगाहबाट रेलमार्फत विराटनगरसम्म कार्गो ढुवानी गर्न अनुमति दिएको थियो ।

कोलकाता भन्सारले २६ फेब्रुअरी २०२६ मा कोलकाता र हल्दियाबाट जोगबनीस्थित भारतीय भन्सार यार्ड हुँदै विराटनगर भन्सारसम्म रेलमार्फत मालसामान ढुवानी गर्ने प्रक्रियागत व्यवस्था मिलाएपछि शुक्रवारदेखि यो कार्गो रेल सेवा औपचारिक रूपमा सञ्चालनमा आएको छ।

पूर्ण रूपमा सञ्चालनमा आएपछि एकैपटक ४५ वटासम्म ४० फिट क्षमताका कन्टेनर रेलमार्फत सिधै विराटनगर ल्याउन सकिने बताइन्छ ।

यसअघि यस्तो सुविधा वीरगञ्जसम्म मात्र सीमित थियो । कोलकातास्थित नेपाली महावाणिज्यदूतावासका अनुसार रेलमार्फत ढुवानी गर्दा सडक मार्गको तुलनामा लागत कम, सुरक्षा बढी र ढुवानी अवधि करिब २४ घण्टामै सीमित हुने भएकाले आयात प्रक्रिया थप सहज हुनेछ ।

कार्गो रेल सेवा सञ्चालन भएपछि बन्दरगाहमा कन्टेनर रोकिँदा लाग्ने डिटेन्सन शुल्क, बिलम्ब शुल्क तथा सडक ढुवानीको अतिरिक्त खर्च घट्ने जनाइएको छ।

व्यापार पारवहन लागत कम भइ नेपाली उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता वृद्धि हुनुका साथै पूर्वी नेपालको औद्योगिक तथा व्यापारिक गतिविधिमा सकारात्मक प्रभाव पर्ने मोरङ उद्योग व्यापार संघका अध्यक्ष अनुपम राठीले बताए ।

### राजविराज कारागार तनावग्रस्त

## जेलरमाथि घुस असुलीको आरोप, निष्पक्ष छानबिनको माग

टुडे समाचारदाता

राजविराज । सप्तरीको राजविराजस्थित जिल्ला कारागारमा जेलर रूपक मण्डलको सरुवाको माग गर्दै कैदीबन्दीहरू आन्दोलनमा उत्रिएपछि कारागार परिसर तनावग्रस्त बनेको छ ।

सप्तरीको राजविराज नगरपालिका-६ स्थित जिल्ला कारागारमा जेलर मण्डलको सरुवाको माग गर्दै कैदीबन्दीहरूले थालेको आन्दोलनका कारण कारागार परिसर तीन दिनदेखि तनावग्रस्त बनेको छ । चौकीदार नियुक्तिको नाममा आर्थिक अनियमितता भएको आरोप लगाउँदै कैदीबन्दीहरू आन्दोलनमा उत्रिएका छन् । उनीहरूले जेलर मण्डलको तत्काल सरुवा, घटनाको निष्पक्ष छानबिन तथा दोषीमाथि कानुनी कारबाहीको माग गरेका छन् ।

कैदीबन्दीहरूले जनाएका अनुसार कारागारभित्र चौकीदार नियुक्ति प्रक्रियामा ठूलो आर्थिक चलखेल भएको छ। उनीहरूले चौकीदार बनाइदिने प्रलोभन देखाएर विभिन्न कैदीबन्दीबाट रकम असुलिएको आरोप लगाएका छन् । यही विषयलाई लिएर कारागारभित्र असन्तुष्टि बढ्दै गएपछि आन्दोलन सुरु भएको बताइएको छ ।

आन्दोलन नियन्त्रणमा लिन नेपाल प्रहरीले बल प्रयोग गरेपछि अवस्था थप तनावपूर्ण बनेको थियो। त्यसक्रममा केही कैदीबन्दीहरूले शरीरमा मट्टीतेल खन्याएर आत्मदाहको प्रयास गरेका थिए । स्रोतका अनुसार कैदीबन्दीहरूले आत्मदाहको चेतावनी दिएपछि प्रहरी तत्काल पछि हटेको थियो । घटनापछि कारागारभित्र सुरक्षा व्यवस्था कडा पारिएको छ भने ठूलो संख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको छ ।

यसैबीच राजविराज नगरपालिका-१५ मुसहरनियाँका कैदी धर्मेन्द्रप्रसाद साहले गम्भीर आरोप लगाएका छन् । उनले आफूलाई चौकीदार बनाइदिने आश्वासन दिएर चौकीदार कामेश्वर यादवले गत जेठ ५ गते कारागार बाहिरका विनोद यादव नामका व्यक्तिमार्फत जेलर रूपक मण्डलको नाममा पाँच लाख रुपैयाँ घुस लिएको दाबी गरेका छन् । उक्त रकम लिए पनि आफूलाई चौकीदार नबनाइएको र रकम समेत फिर्ता नदिएको उनको आरोप छ। यद्यपि यी आरोपहरू स्वतन्त्र रूपमा पुष्टि हुन बाँकी छन् ।

घटनापछि कारागार प्रशासनले चौकीदार



> सप्तरीका प्रमुख जिल्ला अधिकारी थापाका अनुसार विवादको अर्को कारण बी-ब्लकका चौकीदार राम रिझनले कैदीबन्दीप्रति समान व्यवहार नगरेको भन्ने गुनासो पनि रहेको छ । यही विषयलाई लिएर कैदीबन्दीबीच विवाद उत्पन्न भएको र त्यसपछि आन्दोलन चर्किएको उनको भनाइ छ ।

कामेश्वर यादवलाई झुम्का कारागार सरुवा गर्ने तयारी थालेको विषय पनि विवादको कारण बनेको बताइएको छ। आन्दोलनरत कैदीबन्दीहरूका अनुसार सरुवाको निर्णयपछि बी-ब्लकका केही कैदीमाथि कुटपिटसमेत भएको थियो, जसले आन्दोलनलाई थप चर्काएको उनीहरूको दाबी छ।

सुरक्षा संवेदनशीलता बढेपछि प्रशासनले कारागार क्षेत्रमा कडा निगरानी बढाएको छ। सञ्चारकर्मीहरूलाई समेत घटनास्थलमा पुगेर समाचार संकलन गर्न रोक लगाइएको जनाइएको छ । यसले घटनाबारे स्वतन्त्र सूचना संकलनमा कठिनाइ भएको सञ्चारकर्मीहरूले बताएका छन् ।

जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रमुख जिल्ला अधिकारी रामकृष्ण थापाले कारागारभित्रको अवस्था नियन्त्रणमा रहेको बताएका छन् । उनले जनाए अनुसार कारागारको शान्ति-सुरक्षा कायम गर्न प्रहरी भित्र प्रवेश गर्ने क्रममा केही कैदीबन्दीहरूले शरीरमा मट्टीतेल खन्याएर विरोध जनाएका थिए। अहिले प्रशासन र कारागार व्यवस्थापनले कैदीबन्दीहरूसंग संवाद तथा सम्झाइबुझाइ गरिरहेको र अवस्था क्रमशः सामान्य बन्दै गएको उनले जानकारी दिए ।

सप्तरीका प्रमुख जिल्ला अधिकारी थापाका अनुसार विवादको अर्को कारण बी-ब्लकका चौकीदार राम रिझनले कैदीबन्दीप्रति समान व्यवहार नगरेको भन्ने गुनासो पनि रहेको छ । यही विषयलाई लिएर कैदीबन्दीबीच विवाद उत्पन्न भएको र त्यसपछि आन्दोलन चर्किएको उनको भनाइ छ ।

घटनाले कारागार प्रशासनभित्रको व्यवस्थापन, चौकीदार नियुक्ति प्रक्रिया तथा कैदीबन्दीमाथिको व्यवहारबारे गम्भीर प्रश्न उठाएको छ । आन्दोलनरत कैदीबन्दीहरूले आफ्ना माग पूरा नभएसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएका छन् । उता प्रशासनले शान्तिपूर्ण संवादमार्फत समस्या समाधान गर्ने प्रयास भइरहेको जनाएको छ ।



# सरकार र मिटरब्याजपीडितबीच ८ बुँदे सहमति, आन्दोलन स्थगित



**टुडे समाचारदाता**

जनकपुरधाम । सरकार र मिटरब्याजपीडितबीच सहमति भएको छ । सहमतिपत्रमा सरकारी वार्ता टोलीका तर्फबाट सचिव सापकोटा र पीडित पक्षका तर्फबाट अवधेश कुशवाहाले हस्ताक्षर गरेका छन् ।

सहमतिअनुसार सरकारले मिटरब्याजलाई आर्थिक अपराधका रूपमा मान्यता दिँदै यसको पूर्ण उन्मूलनको घोषणा गर्न मन्त्रिपरिषद्मा प्रस्ताव लैजाने भएको छ । उक्त प्रस्ताव पारित भएपछि फर्जी तमसुक, दृष्टिबन्धक, छिनुवा पास तथा बाध्यकारी चेक स्वतः अवैध र खारेज हुने व्यवस्था गरिनेछ ।

गृह मन्त्रालयले तीन महिनाभित्र मिटरब्याज नियन्त्रणसम्बन्धी विशेष विधेयकको मस्यौदा तयार गरी ऐन निर्माण प्रक्रिया अघि बढाउने छ । प्रस्तावित ऐनमा मिटरब्याजसम्बन्धी मुद्दा हेर्न छुट्टै न्यायाधिकरण गठन, पीडितको सम्पत्ति फिर्ता तथा उचित क्षतिपूर्तिको सुनिश्चितता गरिने उल्लेख छ ।

सहमति अनुसार वडा कार्यालयबाट हुने लेनदेन प्रमाणीकरणका क्रममा रकमको वैधानिक स्रोत र बैंक कारोबारको प्रमाण अनिवार्य गरिने भएको छ । यसका साथै, आपराधिक लाभ वा भ्रष्टाचारबाट आर्जित रकम मिटरब्याजमा लगानी गर्नेहरूमाथि कडा कारबाहीको व्यवस्था गरिने भएको छ ।

नयाँ ऐनमा वास्तविक रकमभन्दा बढीको कागज बनाउने, ब्याजलाई सावाँमा जोड्ने, ऋणीलाई भर्पाई नदिने, अत्यधिक ब्याज असुल्ने, धम्की दिने, शारीरिक तथा मानसिक शोषण गर्ने, खाली चेक वा कागजातमा जबर्जस्ती हस्ताक्षर गराउने तथा सम्पत्ति हत्याउने कार्यलाई अपराधका रूपमा परिभाषित गरिने जनाइएको छ ।

मिटरब्याजीमाथिको अनुसन्धानका लागि लिखतहरूको फरेन्सिक परीक्षण, सम्पत्तिको स्रोतको खोजी तथा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) ऐनअन्तर्गत छानबिन गरिने सहमति भएको छ । अदालतमा विचाराधीन मुद्दाका हकमा पनि पीडितलाई न्याय दिलाउन आवश्यक कानुनी अवरोध हटाइने उल्लेख गरिएको छ । पीडितका गुनासा सम्बोधन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा केन्द्रीय उच्चस्तरीय समन्वय समिति तथा छुट्टै डेस्क स्थापना गरिनेछ । जिल्लास्तरमा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा पीडितका तीन प्रतिनिधिसहित सहजीकरण समिति गठन गरी छ महिनाभित्र सबै उजुरी फछ्र्योट गर्ने लक्ष्य राखिएको छ । यसको अनुगमन प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहने समितिले गर्नेछ ।

त्यस्तै पीडितहरू पुनः मिटरब्याजको चक्रमा नपरोस् भन्ने उद्देश्यले वार्षिक बजेटमार्फत आर्थिक सहायता तथा राहत प्याकेज ल्याउने सहमति पनि भएको छ । उक्त सहमतिसंगै मिटरब्याजपीडितहरूले आफ्ना सबै आन्दोलनका कार्यक्रम स्थगित गरेका छन् ।

# मधेश विश्वविद्यालयमा तीन वटा शैक्षिक कार्यक्रम विस्तार




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश विश्वविद्यालयले चालु शैक्षिक सत्रदेखि थप तीन वटा शैक्षिक कार्यक्रम विस्तार गरिने भएको छ । अहिले स्नातकोत्तर तहमा जनप्रशासन (एमपिए), कानुन सङ्कायतर्फ स्नातक (बीए एलएलबी) र जनप्रशासन संकायतर्फ स्नातकमा जनव्यवस्थापन (बिपीएम) कक्षा सञ्चालन गर्दै आएको पर्साको वीरगञ्जस्थित मधेश विश्व विद्यालयले चालु शैक्षिक सत्रमा थप तीन वटा शैक्षिक कार्यक्रम विस्तार गर्न लागेको छ ।

मधेश विश्वविद्यालयका रजिष्ट्रार विजयकुमार यादवका अनुसार विश्वविद्यालयले चालु शैक्षिक सत्र २०८३ देखि स्नातकोत्तर तहको मास्टर्स अफ बिजनेस एडमिनिस्ट्रसन (एमबिए) तथा स्नातक तहको ब्याचलर अफ ल (एलएलबी) र ब्याचलर अफ बिजनेस एडमिनिष्ट्रिसन (बिबिए) को पठनपाठन शुरु गर्न लागेको छ ।

“तीन वटै संकायको पठनपाठनका लागि पाठ्यक्रम तयार भइसकेको छ”, रजिष्ट्रार यादवले भन्नुभयो, “यही शैक्षिक सत्रदेखि कक्षा सञ्चालन गर्ने गरी तयारी भएको छ । छिट्टै यसबारे हामीले सूचना प्रकाशन गर्ने छौँ ।” विश्वविद्यालयमा सञ्चालित शैक्षिक कार्यक्रमहरूमा विद्यार्थीको आकर्षण बढ्दै गएपछि थप शैक्षिक कार्यक्रम विस्तार गर्न लागिएको उनले बताए ।

विसं २०७९ वैशाख १४ गते मधेश प्रदेशसभाद्वारा मधेस विश्वविद्यालय ऐन, २०७९ जारी भई २०७९ भदौ २२ गते स्थापना भएको सो विश्वविद्यालयले पहिलो एक वर्षमा दुई वटा संकायको पठनपाठन शुरु गरेको थियो । विश्वविद्यालयले वीरगञ्जस्थित नेसनल ट्रेडिङको भवन भाडामा लिई कार्यालय सञ्चालन गर्दै आएको छ ।

अनुसन्धान र प्रशिक्षणको माध्यमबाट शिक्षण सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउन सकिने मान्यताअनुरुप मधेस विश्वविद्यालयलाई प्रदेशमा पहिलो मधेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको स्थापना गर्ने लक्ष्य रहेको विश्वविद्यालयका उपकुलपति प्रा. डा. दीपकबहादुर शाक्यले बताए ।

“हामीले सञ्चालन गरेको कक्षाहरूमा विद्यार्थीको आकर्षण देखेर उत्साहित भएका छौँ”, उपकुलपति प्रा डा शाक्यले भने, “आगामी दिनमा मेडिकल, ल्याब टेक्निसियन, फिजियोथेरापीलगायत चिकित्सा र स्वास्थ्यसम्बन्धी कक्षा पनि सञ्चालन गर्ने लक्ष्य राखेका छौँ ।” तत्कालका लागि वीरगञ्जको नारायणी अस्पताल र पोखरियास्थित पोखरिया अस्पताललाई आधार बनाएर चिकित्साशास्त्रमा एमबिबिएस कक्षा सञ्चालन गर्ने योजना बनाएर प्राविधिक टोलीबाट सम्भाव्यता अध्ययन गरिने तयारी भएको उनले बताए ।

मधेश विश्वविद्यालयको उच्च शिक्षालाई अनुसन्धामूलक बनाउने दृष्टिले ‘एमफिल पिएचडी’सँगै फार्मेसी र विज्ञान तथा सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक शैक्षिक कार्यक्रम पनि सञ्चालन गर्ने लक्ष्य लिएको उपकुलपति प्रा. डा. शाक्यले जानकारी दिए ।

मधेश प्रदेशका ग्रामीण क्षेत्रका जनतालाई उच्च शिक्षामा सहज पहुँच विस्तार गर्दै शिक्षालाई श्रम, श्रमलाई सीपसँग र सीपलाई समृद्धिसँग जोड्ने उद्देउश्यका साथ दक्ष जनशक्ति उत्पादन गर्नका लागि प्रदेशमा पहिलो ‘मधेस सीप स्कुल’ स्थापना गर्ने योजना रहेको उनले बताए ।

# ‘राष्ट्रले प्रखर बौद्धिक व्यक्तित्व गुमायो’



काठमाण्डु । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले नागरिक अगुवा देवेन्द्रराज पाण्डेको निधनसँगै राष्ट्रले एक प्रखर बौद्धिक व्यक्तित्व, नैतिक नेतृत्व र लोकतन्त्रका सजग पहरेदारलाई गुमाएको बताउनुभएको छ ।

नागरिक अगुवा पाण्डेको निधन भएकामा गहिरो दुःख व्यक्त गर्दै सभापति थापाले जारी गर्नुभएको शोकसन्देशमा नागरिक स्वतन्त्रता, समानता, मानव अधिकार र लोकतान्त्रिक चेतनाका पक्षमा पाण्डेले जीवनभर निर्भीकतापूर्वक निर्वाह गर्नुभएको योगदानको स्मरण गर्नुभएको छ ।

अर्थसचिव, अर्थमन्त्री, विकास चिन्तक तथा सुशासनका अभियन्ताका रूपमा उहाँले देशको अर्थतन्त्र, सार्वजनिक प्रशासन र विकाससम्बन्धी बहसलाई नयाँ दृष्टि दिनुभएको सभापति थापाले सन्देशमा उल्लेख गर्नुभएको छ । डा. पाण्डेको शुक्रबार साँझ निधन भएको हो । रासस

# जिम्मेवार पत्रकारिता गर्न आग्रह



**टुडे समाचारदाता**

जनकपुरधाम । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायसँग सम्बन्धित विषयवस्तुमा समाचार बनाउंदा मानवअधिकार, समावेशिता र पेशागत नैतिकतालाई केन्द्रमा राखेर जिम्मेवार पत्रकारिता गर्न आग्रह गरिएको छ ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको महासंघ, नेपालले शनिबार जनकपुरधाममा आयोजना गरेको सञ्चारकर्मीसँगको अन्तरक्रिया कार्यक्रममा समुदायबारे हुने समाचार सम्प्रेषणलाई तथ्यपरक, सम्मानजनक र पूर्वाग्रहमुक्त भएर गर्नुपर्नेमा जोड दिइएको ।

कार्यक्रमका क्रममा महासंघकी प्रतिनिधि सिमरण सेरचनले ‘यौनिक तथा लैङ्गिक अल्पसंख्यकसम्बन्धी नैतिक, समावेशी तथा मानवअधिकारमा आधारित पत्रकारिता निर्देशिका’ सार्वजनिक गर्दै यसको उद्देश्य सञ्चारमाध्यममा समुदायको प्रतिनिधित्वलाई थप जिम्मेवार र अधिकारमुखी बनाउनु रहेको बताइन् ।

उनका अनुसार समाचार तयार गर्दा सत्यता, निष्पक्षता र मानवअधिकारका आधारभूत मान्यतालाई पालना गर्नुका साथै सम्बन्धित व्यक्तिको गोपनीयता, सुरक्षा र स्पष्ट सहमतिलाई प्राथमिकता दिन आवश्यक छ। उनले सनसनी फैलाउने शैली, विभेदपूर्ण शब्दावली तथा पूर्वाग्रहयुक्त प्रस्तुति समुदायप्रति अन्याय हुने भएकाले त्यस्ता अभ्यासबाट टाढा रहन सञ्चारकर्मीलाई आग्रह गरिन् ।

सेरचनले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय अझै पनि सामाजिक बहिष्कार, हिंसा, भेदभाव र गलत सूचनाको असर भोगिरहेको उल्लेख गर्दैयस्ता चुनौती न्यूनीकरणमा सञ्चारमाध्यमको भूमिका प्रभावकारी हुन सक्ने बताइन् । तथ्यमा आधारित, संवेदनशील र उत्तरदायी पत्रकारिताले समुदायप्रति समाजको बुझाइ सकारात्मक बनाउन सहयोग पुग्ने उनको भनाइ थियो ।

निर्देशिकामा नेपालको संविधानले सुनिश्चित गरेका समानता, विभेदविरुद्धको अधिकार, सम्मानपूर्वक बाँच्न पाउने अधिकार तथा सामाजिक न्यायका प्रावधानसँगै अन्तर्राष्ट्रिय मानवअधिकारका सिद्धान्तलाई पनि आधार बनाइएको छ । साथै यौनिक तथा लैङ्गिक विविधतालाई कुनै रोग, विकृति वा सामाजिक समस्या भनेर चित्रण गर्नु अनुचित हुने स्पष्ट उल्लेख गरिएको छ ।

पत्रकारिताको आचारसंहिता पालनासँगै समाचार लेखनमा व्यक्तिको सहमति, गोपनीयता र सम्मानजनक भाषाको प्रयोगलाई विशेष प्राथमिकता दिनुपर्ने निर्देशिकामा भनिएको छ । कुनै व्यक्तिले आफूलाई जुन लैङ्गिक वा यौनिक पहिचानबाट चिनाउन चाहन्छ, सोही पहिचानलाई सम्मान गर्न तथा पहिचानभन्दा समुदायका अधिकार, सरोकार र नीतिगत विषयलाई प्राथमिकताका साथ उठाउन भनिएको छ ।

महासंघले पत्रकारितामार्फत समावेशी समाज निर्माण, समानता र मानवअधिकारको प्रवर्द्धन गर्न सबै सञ्चारकर्मीले उक्त निर्देशिकालाई व्यवहारमा लागू गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा सहभागी पत्रकारहरूले पनि विविध समुदायका विषयलाई जिम्मेवारीपूर्वक, तथ्यमा आधारित र सम्मानजनक ढंगले प्रस्तुत गर्नु सञ्चारमाध्यमको दायित्व भएको धारणा व्यक्त गरेका थिए ।

# इन्धन र विद्युतीय चार्जिङ युनिटमा अतिरिक्त शुल्क उठाउन यातायात व्यवसायीको सुझाव

काठमाण्डु । यातायात व्यवसायीको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले दुर्घटना राहत कोषलाई बलियो बनाउन पेट्रोलियम पदार्थमा प्रतिलिटर एक रुपैयाँ र विद्युत् चार्जिङ शुल्कमा प्रतियुनिट रु एक रुपैयाँ अतिरिक्त शुल्क उठाउन सुझाव दिएको छ ।

पूर्वाधार विकासमन्त्री सुनिल लम्साल र कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमलाई छुट्टाछुट्टै ज्ञापनपत्र बुझाउँदै महासङ्घले संशोधनको प्रक्रियामा रहेको सवारी ऐनमा सवारी दुर्घटनाका पीडितको तत्काल उद्धार, उपचार र क्षतिपूर्तिका लागि ‘दुर्घटना राहत कोष’ स्थापनाका लागि अतिरिक्त शुल्क उठाउन सुझाव दिएको हो ।




महासङ्घका महासचिव डेकनाथ गौतमले देशभर सञ्चालनमा रहेका निजी तथा सार्वजनिक सवारीसाधनले प्रयोग गर्ने पेट्रोल र डिजेलमा प्रति लिटर एक रुपैयाँ थप गर्ने, विद्युतीय सवारी साधनले खपत गर्ने प्रतियुनिट बिजुलीमा एक रुपैयाँ थप गर्ने सुझाव सरकारलाई दिइएको जानकारी दिनुभयो ।

यसबाहेक, बिमा कम्पनीले सङ्कलन गर्ने तेस्रो पक्ष बिमा प्रिमियमको एक प्रतिशत रकम कोषमा जम्मा गर्ने, सङ्घ, प्रदेश र स्थानीय सरकारले वार्षिक रूपमा एकमुष्ट रकम कोषमा जम्मा गर्ने प्रस्ताव पेस गरिएको उहाँले बताउनुभयो ।

महासचिव गौतमले दुर्घटनापछि घाइतेको तत्काल उद्धार र उपचारका लागि कतिपय अवस्थामा बीमा रकमले मात्र नपुग्ने भएकाले यस्तो अवस्थामा पीडितलाई तत्काल राहत दिन र उपचार खर्चको व्यवस्थापन गर्न उक्त कोषले सहयोग पुग्ने उल्लेख गर्नुभयो ।

कुनै दुर्घटनामा हकदार फेला नपरेका गम्भीर घाइतेको उपचार गराउनुपर्ने भएमा वा सवारी धनीले क्षतिपूर्ति दिन नसक्ने अवस्था भएमा सोही कोषबाट खर्च गरिनेछ । महासङ्घले आफूहरुले दिएको सुझावलाई हाल तयार भइरहेको सवारी ऐन, २०८३ को परिच्छेद १० मा समावेश गर्न आग्रहसमेत गरेको छ । रासस

# मदिरा बरामदसहित दुई भारतीय पक्राउ



**टुडे समाचारदाता**

रौतहट । सशस्त्र सीमा बल (एसएसबी) ले भारत-नेपाल सीमामा तस्करी नियन्त्रण अभियानलाई तीव्र बनाउँदै आएको नेपालबाट भारततर्फ अवैध रूपमा लैजाँदै गरिएको ठूलो परिमाणको नेपाली मदिरा बरामद गरेको छ ।

दुई छुट्टाछुट्टै कारबाहीमा कुल ८५२ बोतल (२५५.६ लिटर) कस्तुरी ब्रान्डको नेपाली मदिरा, तीन वटा मोटरसाइकलसहित दुई भारतीय नागरिक पक्राउ परेका छन् भने एक घटनामा तस्कर फरार भएका छन् ।

एसएसबी ७१ बटालियन मोतिहारीबाट प्राप्त सूचनाका आधारमा बिहीबार साँझ ’एफ’ कम्पनी अथमोहन र मोतिहारी एक्साइज विभागको संयुक्त टोलीले विशेष गस्ती सञ्चालन गरेको थियो। साँझ करिब ६:३५ बजे भारततर्फ सीमा स्तम्भ नम्बर ३५८/५ नजिक सैनिक रोड क्षेत्रमा छापामार कारबाही गर्दा ४०२ बोतल (१२०.६ लिटर) कस्तुरी मदिरा र हिरो स्प्लेन्डर मोटरसाइकल बेवारिसे अवस्थामा बरामद गरिएको एसएसबीले जनाएको छ ।

कारबाहीका क्रममा तस्करहरू प्रहरी टोलीलाई देख्नासाथ फरार भएका थिए। प्रारम्भिक अनुसन्धानअनुसार उक्त मदिरा रौतहटको अमरपुर क्षेत्रबाट भारततर्फ तस्करी गरिएको खुलेको छ। बरामद मदिरा र मोटरसाइकल थप अनुसन्धानका लागि मोतिहारी एक्साइज कार्यालयलाई बुझाइएको छ ।

त्यसैगरी, सोही राति करिब १०:३० बजे प्राप्त गोप्य सूचनाका आधारमा एसएसबीको ’सी’ कम्पनी, बीओपी नायकटोला र बिहार प्रहरीको हरपुर प्रहरी चौकीको संयुक्त टोलीले भारतको टोला चिकनी क्षेत्रमा विशेष चेकजाँच अभियान सञ्चालन गरेको थियो ।

सीमा स्तम्भ नम्बर ३८७/२ बाट करिब ३.६ किलोमिटर भारततर्फ गरिएको चेकजाँचका क्रममा नेपालबाट मदिरा बोकेर जाँदै गरेका दुई भारतीय नागरिकलाई पक्राउ गरेका छन् । पक्राउ पर्नेहरूमा पश्चिम चम्पारण जिल्ला मझौलिया थाना अन्तर्गत करमवा गाउँका ४० वर्षीय जयप्रकाश र ३३ वर्षीय अनिल कुमार रहेका छन् ।

उनीहरूको साथबाट ४५० बोतल (१३५ लिटर) कस्तुरी नेपाली मदिरा, बीआर-२२ बीई-४५५० नम्बरको हिरो स्प्लेन्डर मोटरसाइकल र ना ९ प ६१५८ नम्बरको होन्डा शाइन मोटरसाइकल बरामद गरिएको एसएसबीले जनाएको छ ।

प्रारम्भिक अनुसन्धानअनुसार उक्त मदिरा रौतहटको छतवा क्षेत्रबाट भारतको करमवा बजारतर्फ तस्करी भइरहेको थियो। बरामद मदिरा, मोटरसाइकल तथा पक्राउ परेका दुवै व्यक्तिलाई आवश्यक कानुनी कारबाहीका लागि हरपुर प्रहरी चौकी लाई बुझाइएको एसएसबीले जनाएको छ ।

# सर्टगनसहित एक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । लागूऔषध र सर्टगनका गोलीसहित धनुषा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।


इलाका प्रहरी कार्यालय ढल्केवरबाट खटिएको प्रहरी टोलीले लुकाइछिपाइ राखिएको अवस्थामा ०.११० ग्राम खैरो हिरोइनजस्तो देखिने पदार्थ तथा सर्टगनमा प्रयोग हुने तीन राउण्ड गोलीसहित एक जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

प्रहरीले पक्राउ परेका व्यक्तिको नाम तथा ठेगाना सार्वजनिक गरेको छैन । बरामद गरिएको पदार्थ लागूऔषध हो वा होइन भन्ने विषयमा थप परीक्षण गरिने जनाइएको छ ।

घटनाका सम्बन्धमा लागूऔषध तथा हतियारसम्बन्धी कसुर अन्तर्गत आवश्यक अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।




# आयोगको सदस्यमा यादव नियुक्त



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश नीति तथा योजना आयोगको सदस्यमा डा. सत्यनारायण यादवलाई नियुक्त गरिएको छ । मुख्यमन्त्री कृष्णप्रसाद यादवले शुक्रबार डा. यादवलाई नियुक्तिपत्र हस्तान्तरण गरेका हुन् । नियुक्तिपछि आयोगका उपाध्यक्ष राजकुमार सिंहले डा. यादवलाई स्वागत गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन् ।

प्रदेश सरकारको नीति निर्माण, विकास योजना तर्जुमा तथा कार्यान्वयनमा परामर्श दिने जिम्मेवारी रहेको आयोगमा डा. यादवको नियुक्तिसँगै आयोगको कार्यसम्पादन अझ प्रभावकारी हुने विश्वास गरिएको छ ।

नवनियुक्त सदस्य डा. यादवले प्रदेशको समग्र विकास, दीर्घकालीन योजना निर्माण तथा नीतिगत सुधारका क्षेत्रमा आफ्नो अनुभव र दक्षता उपयोग गर्दै जिम्मेवारी निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# मनसुन थप सक्रिय हुँदैः बागमती प्रदेशको पहाडि क्षेत्रमा भारी वर्षा

काठमाण्डु । विगत २४ घण्टामा बागमती प्रदेशका पहाडी क्षेत्रमा अतिभारी वर्षा भएको जल तथा मौसम विज्ञान विभागले जानएको छ । विभागका अनुसार मेलम्ची वर्षामापन केन्द्रमा १०५ दशमलव चार मिलिमिटरसम्म वर्षा मापन गरिएको छ ।

बंगालको खाडीमा विकसित न्यून चापीय प्रणाली उत्तर-पश्चिम दिशातर्फ सर्ने क्रममा रहेकाले आगामी दुई दिन देशभर मनसुनी गतिविधि थप सक्रिय हुने विभागले जनाएको छ । विभागका प्रवक्ता विभूति पोखरेलले आज र आइतबार देशका अधिकांश स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यम वर्षा हुने तथा केही स्थानमा भारीदेखि अति भारी वर्षाको सम्भावना रहेको बताउनुभयो ।



उहाँका अनुसार देशका हिमाली तथा पहाडी भूभाग, कोशी, बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका थोरै स्थान तथा मधेश, बागमती र गण्डकी प्रदेशका तराईका एकदुई स्थानमा भारीदेखि अतिभारी वर्षा हुन सक्नेछ । कोशी, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका पहाडी तथा तराईका एकदुई स्थानमा अति भारी वर्षाको समेत सम्भावना रहेको विभागले जनाएको छ ।

विभागले अत्यधिक वर्षाका कारण आकस्मिक बाढी, पहिरो, डुबान तथा नदी-खोलामा बहाव बढ्न सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ ।

प्रवक्ता पोखरेलले हवाई, पर्यटन, कृषि तथा यातायात क्षेत्र प्रभावित हुन सक्ने भएकाले सम्बन्धित निकाय र सर्वसाधारणलाई मौसमसम्बन्धी अद्यावधिक सूचना लिएर सावधानी अपनाउन अनुरोध गर्नुभयो । रासस

# बजेट मार्गदर्शनलाई खुकुलो बनाइयो




**टुडे समाचारदाता**

जनकपुरधाम । चालु आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट कार्यान्वयनका लागि तयार पारिएको बजेट कार्यान्वयन मार्गदर्शनलाई खुकुलो बनाइएको छ । सबभन्दा महत्वपूर्ण पक्ष कुनैपनि योजना वा कार्यक्रम संचालन गर्दा अर्थ मन्त्रालयसँग पूर्वस्वीकृति लिनुपर्ने प्रावधान मार्गदर्शनमा हटाइएको छ।

गतवर्ष सार्वजनिक निर्माणतर्फ दोश्रो त्रैमासिकसम्म सम्झौता नभएका योजना कार्यान्वयनमा नआउने, ल्याउनैपर्ने आवश्यक परे अर्थमन्त्रालयको स्वीकृति लिनुपर्ने, बहुवर्षियवा अन्य कुनैपनि योजनाको ठेक्का गर्नुपरेमा श्रोत सुनिश्चितताका लागि अर्थमन्त्रालयसँग सहमति लिनुपर्ने लगायतका राखिएको बाध्यकारी प्रावधान यस पटकको मार्गदर्शनमा हटाइएको छ।

यस्तै चालु आर्थिक वर्षको मार्गदर्शनमा दोश्रो त्रैमासिकसम्म सम्झौता गरिसक्नुपर्नेको ठाउँमा तेश्रो त्रैमासिकसम्मको अवधि दिइएको छ भने कुनैपनि योजना कार्यान्वयन वा ठेक्का गर्न अर्थमन्त्रालयमन्त्रीको स्वीकृति लिनुपर्ने व्यवस्थाप पनि राखिएको छैन।

अर्थमन्त्रालयले जारी गरेको सो ५२ बुँदे मार्गदर्शनमा सार्वजनिक निर्माणतर्फका योजना तेश्रो त्रैमासिकम्म सम्झौता गरिसक्नुपर्नेछ । यदि गरिएन भने संचालन गरिने छैन। त्यस्तो योजना संचालन गर्नैपर्ने अवस्था आए अर्थमन्त्रालयसँग पूर्व स्वीकृति लिनुपर्ने ठाडो निर्देशन यस पटक दिइएको छ।

यस पटकको मार्गदर्शनमा विनियोजित बजेट भन्दा बढी रकम लागत भएका वा श्रोत सुनिश्चित नभएका योजनामा अर्थमन्त्रालयले रोक लगाएको छ । त्यस्ता योजनाको अधुरा काम पुरा गर्न श्रोत सुनिश्चितताका लागि आवश्यक प्रक्रिया पुरा गरी आगामी वर्षहरुको मध्यकालिन खर्च संरचनाको सीमाभित्र मात्र गर्न सकेको भनेको छ।

मार्गदर्शनमा बजेट सूचना प्रणाली (पीएलएमबीएस) मा प्रविष्ट गरिएका कार्यक्रम मात्र संचालन गरिने र सोही अनुसार खर्च गर्ने अख्तियारी मानी प्रदेश लेखा नियन्त्रक कार्यालय र मातहतका प्रदेश लेखा इकाई कार्यालयहरुले बजेट निकासा गर्ने उल्लेख छ।

सो मार्गदर्शनमा तेश्रो त्रैमासिकसम्म खर्च भएका हुन नसकेका रकम र रकमान्तर वैशाख ७ गतेभित्र समर्पण गरिसक्नुपर्नेछ। सो अवधिपछि रकमान्तर गरिएको बजेट स्वीकृत गरिने छैन, भइपरी आउने खर्च अर्थमन्त्रालयबाट स्वीकृत गराई मात्र गर्न पाउने र बहुवर्षिय योजनातर्फ सहमति भएको ९ महिनाभित्र ठेक्का हुन नसकेकोमा स्वतः खारेज हुने कडा व्यवस्था प्रावधान राखिएको छ।

विनियोजित बजेटको कार्यक्रमका लागि ऐन तर्जुमा वा संशोधन गर्नुपरेमा ऐनको मस्यौदा असोज महिनाभित्रै प्रदेश सभामा पेश गरिसक्नुपर्नेछ र कार्यविधि बनाउनुपरेमा कात्तिक मसान्तसम्म बनाइ सक्नुपर्ने ठाडो निर्देशन दिएको छ।

त्यस्तै स्थानीय तहलाई दिइने समानीकरण अनुदान बारे चार किस्तामा रकम निकासा गरिने, एक किस्ता रकम दिएपछि सो अनुसारको कार्य प्रगति नदेखिएपछि बांकीको अन्य किस्ता रकम नदिइने पुरानै बुँदा दोहरयाइएको छ।

इस साथै प्रदेश संचित कोषको अवस्था मूल्यांकन गर्दै अर्थ मन्त्रालयले जुनसुकै बेला स्वीकृत बजेट रोका, कटौटी वा फुकुवा गर्न सक्नेछ भने आयोजना कार्यान्वयन गर्दा समयमै निर्णय नगरेका कारणले लागत बढ्न गएमा वा त्रुटिपूर्ण डिजाइन, स्पेशिफिकेशन र लागत अनुमान तयारी गरी अस्वभाविक दायित्व सिर्जना भए सम्बन्धित व्यक्ति वा पदाधिकारी नै जिम्मेवार हुने भनेको छ।

गत वर्ष गैर आवासीय भवन खरीद, सवारी साधन, मेशनरी तथा औजार, फर्निचर तथा फिक्चर्स, पूँजीगत परामर्श तथा अनुसन्धान, भैपरी आउने पूँजीगत खर्चमा नियन्त्रण गर्न अर्थमन्त्रालयको स्वीकृति लिनुपर्ने प्रावधान राखिएको थियो।

# गुठी समिति गठन संघीय सरकारको संघीयता विरोधी कदम

## जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साहले स्थानीय तह र प्रदेश सरकारलाई बेवास्ता गर्दै समिति गठन गर्नु भनेको संघीयता र संवैधानिक व्यवस्था विरुद्धको गतिविधि रहेको बताएका छन् ।




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्र रहेका गुठी, मठ-मन्दिर, पोखरी तथा सार्वजनिक धार्मिक सम्पत्तिमा भएको अतिक्रमण हटाउने उद्देश्यले संघीय सरकारले गठन गरेको प्रतिवेदन कार्यान्वयन समितिप्रति आपति स्थानीय तह र प्रदेश सरकारले आपति जनाएको छ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पहलमा गठन गरिएको नौ सदस्यीय समितिमा प्रदेश सरकार र जनकपुरधाम उपमहानगरपालिकाको प्रतिनिधित्व समावेश नगरिएको भन्दै संघीयताको भावना विपरीत कदम चालिएको आरोप लगाइएको हो।

जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साहले स्थानीय तह र प्रदेश सरकारलाई बेवास्ता गर्दै समिति गठन गर्नु भनेको संघीयता र संवैधानिक व्यवस्था विरुद्धको गतिविधि रहेको बताएका छन् । शनिवार जनकपुरधाम उद्योग वाणिज्य संघको आयोजित साधारण सभा कार्यक्रममा मेयर साहले स्थानीय क्षेत्रभित्र रहेका गुठी तथा सार्वजनिक सम्पत्तिको संरक्षणमा स्थानीय सरकार र प्रदेश सरकारको प्रमुख भूमिका रहने भएकाले त्यसलाई बाइपास गरेर जानु भनेको संघीयताको मर्म विपरित कार्य रहेको भने।

मेयर साहले संघीय सरकारको पछिल्लो निर्णयले अधिकार स्थानीय तह र प्रादेशिक तहको अधिकारलाई समाप्त पारी सम्पूर्ण अधिकार केन्द्रीकृत गर्न खोजिएको टिप्पणी गर्दै भने वर्तमान सरकारले आफ्नै नीति भन्दा पनि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अघि सारेको प्रदेश संरचना कमजोर बनाउने राजनीतिक धारणा अनुरूप काम गरिरहेको छ।

उनले रास्वपाले विगतदेखि नै प्रदेश संरचना खारेज गर्ने पक्षमा धारणा सार्वजनिक गर्दै आएको स्मरण गराउँदै भने गुठी अतिक्रमति जग्गा अतिक्रमण मुक्त गराउन उद्देश्यले गठित समितिमा स्थानीय तह र प्रदेशलाई बाइपास गरेर हिँडनु भनेको कदम रहेको भने।

यता मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोले पनि समिति गठनको प्रक्रियामाथि प्रश्न उठाएका छन् । उनले गुठी जग्गा तथा ऐतिहासिक सम्पत्तिको संरक्षण आवश्यक रहेकोमा प्रदेश सरकारको कुनै असहमति नरहेको स्पष्ट पार्दै त्यसका लागि बनाइएको संरचनाबाट प्रदेश र स्थानीय सरकारलाई बाहिर राखिनु संघीय शासन प्रणालीको मूल मर्म विपरीत भएको बताए।

मन्त्री महतोले संघीय सरकारले सम्बन्धित तहसँग समन्वय नगरी निर्णय लिँदा अधिकार केन्द्रीकरण हुने खतरा बढ्ने उल्लेख गर्दै यस्ता गतिविधिले संघीयताको अभ्यासलाई कमजोर बनाउने धारणा व्यक्त गरे। उनले पनि सरकार रास्वपाले उठाउँदै आएको एजेन्डा अनुसार अघि बढेको जस्तो देखिएको टिप्पणी गरे।

गुठी संस्थानका प्रशासक ध्रुव घिमिरेको संयोजकत्वमा संघीय सरकारले २०६२ उच्चस्तरीय प्रतिवेदन कार्यान्वयन ९ सदस्यीय समिति गठन गरेको हो। सो समितिको जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समिति धनुषाका जिल्ला समन्वय अधिकारी, भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक, भूमि प्रशासन कार्यालय धनुषाका प्रमुख, नापी कार्यालय धनुषाका प्रमुख तथा गुठी संस्थान शाखा कार्यालय धनुषाका प्रमुख सदस्य रहेका छन्।

मन्त्रालयका अनुसार समितिले २०६२ सालको उच्चस्तरीय प्रतिवेदन, सरकारी तथा गुठी जग्गा संरक्षणसम्बन्धी विभिन्न अध्ययन र आयोगका सुझाव कार्यान्वयन गर्दै जनकपुरधामभित्रका पोखरी, पोखरीका डिल, रामजानकी मन्दिरसहित प्रमुख मठ-मन्दिर र गुठी जग्गामा भएको अतिक्रमणको पहिचान, नक्साङ्कन तथा हटाउने प्रक्रिया अघि बढाउनेछ।

कार्यविधिअनुसार मन्दिर परिसर, पोखरी र पोखरीका डिलमा भएका अतिक्रमण हटाउन पहिलो चरणमा सात दिनको समय दिइनेछ भने गुठी जग्गामा बनेका घर-टहरा हटाउन १५ दिनको सूचना जारी गरिने व्यवस्था छ। तोकिएको अवधिमा अतिक्रमण नहटाइए स्थानीय प्रशासनको समन्वयमा थप १५ दिनभित्र हटाउने प्रक्रिया अघि बढाइने मन्त्रालयले जनाएको छ।

यसैक्रममा समितिले शुक्रबार जनकपुरधामका सात वटा पोखरीको डिल अतिक्रमण गरेको भन्दै सम्बन्धित व्यक्ति तथा संस्थालाई सात दिनभित्र संरचना हटाउन सार्वजनिक सूचना जारी गरेको छ। उक्त सूचनापछि जनकपुरधाममा व्यापक चर्चा र बहस सुरु भएको छ।

यद्यपि समिति गठनको विधि र त्यसमा प्रदेश तथा स्थानीय सरकारको सहभागिता नहुनु विवादको विषय बनेपछि अतिक्रमण हटाउने अभियानको कार्यान्वयन प्रक्रिया राजनीतिक विवादबीच अगाडि बढ्ने संकेत देखिएको छ।

# लगत संकलनसहित हरवा चरवाको ४ बुँदे माग




**टुडे समाचारदाता**

जनकपुरधाम । हरवा-चरवा समुदायले आफूहरू अझै पनि व्यवहारिक रूपमा शोषण र विभेदबाट मुक्त हुन नसकेको भन्दै सरकारसमक्ष भूमि अधिकार, पुनःस्थापना र पहिचान सुनिश्चित गर्न चारबुँदे माग अघि सारेका छन्।

चौथो हरवा-चरवा मुक्ति दिवसको अवसरमा राष्ट्रिय हरवा-चरवा अधिकार मञ्चले शनिवार जनकपुरधाममा पत्रकार सम्मेलन आयोजना गर्दै हरवा-चरवा समुदायको लगत संकलन, परिचयपत्र वितरण, भूमि वितरण तथा पुनःस्थापनाको प्रक्रिया तत्काल सुरु गर्न सरकारसँग आग्रह गरेको हो।

मञ्चले हरवा-चरवा समुदायको आधिकारिक तथ्यांक तयार पार्न आवश्यक निर्देशिका छिटो जारी गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने माग गरेको छ। साथै लगत संकलन सम्पन्न भएपछि जीविकोपार्जन, सहकारी, सामाजिक उद्यमशीलता, आवास तथा आयआर्जनसँग जोडिएका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिएको छ।

त्यसैगरी मधेश प्रदेशका आठवटै जिल्लामा स्थानीय तहसँग सहकार्य गरेर समुदायको पहिचान गर्ने अभियान तत्काल सुरु गर्न तथा भूमिहीन हरवा-चरवामाथि भइरहेको जबर्जस्ती विस्थापन रोक्दै उनीहरूलाई भूमि उपलब्ध गराई पुनःस्थापनाको व्यवस्था गर्नुपर्ने माग पनि मञ्चले अघि सारेको छ।

पत्रकार सम्मेलनमा मञ्चका महासचिव लागेन्द्र सादाले हरवा-चरवा मुक्ति घोषणा भएको चार वर्ष बितिसक्दा पनि समुदायको जीवनमा अपेक्षित परिवर्तन नआएको बताए। उनले कानुनी रूपमा मुक्ति घोषणा भए पनि व्यवहारमा समुदाय अझै भूमि अधिकार, सामाजिक सुरक्षा, सम्मानजनक रोजगारी, आवास र आर्थिक अवसरबाट वञ्चित रहेको उल्लेख गर्दै घोषणालाई व्यवहारमा उतार्न सरकार गम्भीर हुनुपर्ने धारणा राखेका थिए।

मञ्चका अध्यक्ष दशनलाल मण्डलका अनुसार नेपालमा हरवा-चरवाको संख्या करिब एक लाख रहेको अनुमान गरिएको छ। उनले अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को सन् २०२३ को अध्ययनलाई उद्धृत गर्दै समुदाय अझै पनि न्यून पारिश्रमिकमा श्रम गर्न बाध्य रहेको बताए। उनले सरकारले तोकेको न्यूनतम दैनिक ज्याला ७५४ रुपैयाँ भए पनि धेरै हरवा-चरवाले दैनिक तीनदेखि चार सय रुपैयाँमै काम गर्नुपर्ने अवस्था रहेको गुनासो गरे। कागजमा बन्धुवा श्रमबाट मुक्त घोषणा गरिए पनि व्यवहारमा उनीहरू अझै पुरानै शोषणको चक्रमा रहेको उनको भनाइ थियो।

मञ्चका कानुनी सल्लाहकार बलराम भट्टराईले अधिकांश हरवा-चरवा परिवार अहिले पनि भूमिहीन, नागरिकताविहीन तथा शिक्षा, स्वास्थ्य र सरकारी सेवाको पहुँचबाट टाढा रहेको बताए। उनले अशिक्षा, बेरोजगारी, न्यून ज्याला, न्यायमा पहुँचको अभाव र सामाजिक विभेदका कारण समुदाय अझै पछाडि परेको उल्लेख गरे।

भट्टराईले मधेश प्रदेश सरकारले नीति तथा कार्यक्रममा हरवा-चरवा समुदायको भूमि अधिकार, सामाजिक सुरक्षा र आर्थिक पुनःस्थापनालाई प्राथमिकता दिने प्रतिबद्धता जनाएको स्मरण गराउँदै त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिए।

उनका अनुसार प्रदेश सरकारले केही बजेट विनियोजन गरे पनि वास्तविक लाभग्राहीको पहिचान हुन नसक्दा त्यसको प्रभावकारितामाथि प्रश्न उठिरहेकाले हरवा चरवाको यथार्थ विवरण संकलन गरी परिचयपत्र वितरणलाई पहिलो प्राथमिकता दिनुपर्ने आवश्यक छ।

परम्परागत रूपमा अरूको खेतमा हलो जोत्ने व्यक्तिलाई 'हरवा' र गाई-वस्तु चराउने व्यक्तिलाई 'चरवा' भन्ने चलन रहँदै आएको छ। पुस्तौंदेखि ऋण र सामाजिक संरचनाको कारण बन्धुवा श्रम गर्न बाध्य यो समुदायको दिगो पुनःस्थापनाका लागि व्यवहारिक कार्यक्रम आवश्यक रहेको मञ्चको भनाई छ।

# प्रहरी 'कृपा'ले मुरारका अस्पतालमा



**टुडे समाचारदाता**

लहान ।मार्वल कम्पनीको लोगो र नाम चोरेर नक्कली बोरबेल(पाइप) उत्पादनगरि बेचबिखन गरेको अभियोगमा पक्राउ परेका नवल मुरारका भन्ने नवकृष्ण मुरारकालाई सिरहास्थित प्रादेशिक अस्पतालमा राखिएको जिल्ला प्रहरी कार्यालय सिरहाले पुष्टि गरेको छ।

सुचना अधिकारी समेत रहेका डीएसपी रमेश बहादुर पालले जनाए अनुसार राती उनको स्वास्थ्यमा समस्या देखिएपछि प्रादेशिक अस्पतालमा पठाइएको हो।

जिल्ला प्रहरी कार्यालयमा थुनुवा कक्ष बाहिर राख्दा व्यापक आलोचना हुने भयले मुरारकाका आफन्तहरुले अस्पतालमा भर्ना गराउन सफल भएको बताइन्छ।

प्रहरीलाई नै प्रभावितगरि मुरारकालाई अस्पताल पठाइएको नाम सार्वजनिक गर्न नचाहने एकजना उनका सहयोगीले बताए ।'प्रहरीको कृपाले अस्पतालमा राखिएको छ 'उनले भने, उनलाई अस्पतालमै भर्ना गर्नुपर्ने कारण भन्दा उद्योगीको रुपमा सुबिधा मात्र दिएको छ।

मुरारकाको ससुराली समेत सिरहा जिल्लामा रहेकोले उनका आफन्तहरुले चाँजोपाँजो मिलाएको बताइएको छ।

बिहिवार जनकपुरधामबाट पक्राउ परेका मुरारकालाई जिल्ला अदालत सिरहाले अनुसन्धान गर्न प्रहरीलाई सात दिनको म्याद शुक्रवार दिएको हो।

विहिवार प्रहरी हिरासतमा रहेका मुरारका शुक्रवार अबेर राती प्रादेशिक अस्पताल गएका हुन् ।उनको स्वास्थ्यमा कुनै जटिलता नदेखिएको अस्पताल स्रोतले जनाएको छ।

'ट्रेडमार्क' चोरेर नक्कली बोरबेल तीन वर्ष बढी देखि उत्पादनगर्दै आएका मुरारकाको कारण मार्वल कम्पनी टेक्नो प्लास्ट कम्पनीलाई भारी क्षति पुगेको मार्केटिंग म्यानेजर सुदिप न्यौपानेले दावी गरेका छन्।

मुरारकाले २०६५ सालमा बनाएको जन्मसिद्ध नागरिकतापनि प्रहरीको अनुसन्धानमा परेको छ ।उनी भारतको मधुवनी जिल्लाको बासोपट्टीका स्थायी बासिन्दा हुन् ।तर नेपालमापनि नागरिकता टोलीबाट जन्मसिद्ध नागरिकता बनाएको खुलासा भएको छ।

# गाँजा सहित एक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम। १९ किलो १९ ग्राम लागू औषध गाँजासहित धनुषा प्रहरीले एक जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार विशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले जिल्लाको एक स्थानबाट चार पोकामा प्याक गरिएको १९ किलो १९ ग्राम गाँजा बरामद गरेको हो। उक्त गाँजा ओसारपसारमा प्रयोग गरिएको अटोसमेत प्रहरीले नियन्त्रणमा लिएको छ।

प्रहरीले गाँजासहित अटो चालकलाई पक्राउ गरी लागूऔषध सम्बन्धी कसुरअन्तर्गत थप अनुसन्धान अघि बढाएको जनाएको छ। पक्राउ परेका व्यक्तिको परिचय तथा घटनाबारे विस्तृत विवरण अनुसन्धानपछि सार्वजनिक गरिने प्रहरीले जनाएको छ।







**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
- स्थानिय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतियोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरुलाई कृषिमा आकर्षित गरौं।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८